**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्छ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फट्याङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 01 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६९

## हावाहुरीले पर्सा, रौतहटमा जनधनको क्षति



तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, १८ जेठ/

बिहीवार राति आएको हावाहुरी र वर्षाले पर्सा र रौतहटमा व्यापक धनजनको क्षति गरेको छ ।

हावाहुरीले जस्तापाता उडाउँदा पर्साको विन्ध्वासिनी गाउँपालिका–२ का वृद्ध गुबेरी साहलाई लागेपछि उनको मृत्यु भएको छ । घरको आँगनमा बसिरहेका गुबेरीलाई जस्ताको धारले लागेपछि गम्भीर घाइते भएका थिए । उनलाई उपचारको लागि एलएस न्युरो अस्पताल लैजाने क्रममा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी, हावाहुरीले बहुदरमाई गाउँपालिका–७ स्थित एनसेलको टावर ढल्दा स्थानीय ६० वर्षीय जोगेन्द्र महतो घाइते भएका छन् ।

यसैगरी, बिहीवार साँझ आएको हावाहुरीले रौतहटमा थुप्रैजनाको घरको छाना उडाएको छ भने विद्युत् पोल ढल्दा विभिन्न ठाउँमा विद्युत् सेवा अवरुद्ध भएको छ ।

हावाहुरीले चन्द्रपुर नगरपालिका–६ स्थित सत्यनारायण भगतको घरको छाना उडाउँदा आठ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यसैगरी, वडा नं ५ का महिचन साह, रूपनारायण साह, प्रभुराज सिलवाल, रामविनय यादव, वडा नं ६ का भीमावीर पहरी, वडा नं ४ का सुन्तली पहरी, धर्मेन्द्र माझी, रामवीर माझीलगायतको घरको छाना उडाउँदा २१ लाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

चन्द्रपुरमा ५० भन्दा बढी विद्युत्का पोल ढलेका छन् । विद्युत पोल, ट्रान्सफर्मर र अन्य उपकरण गरी ३० लाख मूल्यभन्दा बढीको क्षति भएको नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहपुर शाखाका प्रमुख धीरेन्द्र यादवले बताए ।

रौतहटमा विद्युत् सेवा बन्द हुँदा ठूला तथा मझौला उद्योगहरू, घरेलु उद्योग, एफएम स्टेशन बन्द भएका छन् । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सूचना निकालेर खानेपानी अवरुद्ध भएको जनाएको छ । हावाहुरीले विद्युत् अवरुद्ध हुन गई खानेपानी उपभोक्ताहरूमा परेको असरप्रति खानेपानी कार्यालयले क्षमा मागेको कार्यालय प्रमुख लोकेन्द्र खड्काले बताएका छन् । हावाहुरीले मकै, फलफूल, तरकारी लगायतका बालीमा पनि क्षति गरेको चन्द्रपुर नपाको कृषि शाखाले जानकारी गराएको छ ।

## भाथा क्षेत्रको विकास गर्ने सर्वदलीय बैठकको निर्णय



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १८ जेठ/

पटेर्वासुगौली गाउँपालिका अन्तर्गत जङ्गलभित्र रहेको बाबा दुग्धेश्वरनाथ महादेव मन्दिर क्षेत्रलाई विकास गर्न शुक्रवार सबै दल एकजुट भएका छन् । मन्दिर क्षेत्र विकासको लागि के गर्न सकिन्छ भन्ने विषयमा आज सर्वदलीय सर्वपक्षीय भेला भएको हो ।

पर्सा जिल्लाकै पहिचानको रूपमा रहेको दुग्धेश्वरनाथ महादेव मन्दिरको विकास गरे पर्सा जिल्लाको विकास हुने सर्वदलीय बैठकले निर्णय गरेको थियो । मन्दिर विकास समितिका अध्यक्ष अलखदेव महतोको अगुवाइमा शुरू भएको बैठकले मन्दिरछेउ रहेको ओरिया खोलामा तटबन्ध निर्माण, धर्मशाला र मन्दिरको जीर्णोद्धार, महिला तथा पुरुषका लागि सुविधासम्पन्न शौचालय निर्माण, टेलिफोन टावर जडान, चारभैया पोस्टदेखि मन्दिरसम्मको साँघुरो बाटो विस्तार गरी ३० फिटसम्म ग्राभेल सडक निर्माण, भाथा मन्दिरमा विद्युतीकरण, दुग्धेश्वरनाथ मन्दिरलाई धार्मिक पर्यटकीय स्थल घोषणा गर्न सङ्घ र प्रदेश सरकारसँग पहल गर्ने निर्णय गरेको छ ।

बैठकमा मन्दिर समितिका पदाधिकारीलगायत नेपाली काङ्ग्रेस पर्साका सभापति एवं सांसद जनार्दनसिंह क्षत्री, जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष रामनरेश यादव, जनमत पार्टीका अध्यक्ष ओमप्रकाश सर्राफ लोकतान्त्रिक समाजवादी पार्टीका उपाध्यक्ष पुरुषोत्तमलाल झा, नेकाका उपसभापति रामनारायण कुर्मी, गापा अध्यक्ष दिनेश चौधरी, पूर्वाधार विकास कार्यालय, वीरगंजका प्रमुख दीपक मिश्रको सहभागिता थियो ।

## भेडाहा खोलाबाट दुईजना ठेकेदारका व्यक्ति पक्राउ



नरेश यादव, पर्सागढी, १८ जेठ/

वीरगंज महानगरपालिका वडा नं ३१ स्थित भेडाहा खोलाबाट ठेकेदार कम्पनीका दुईजना कर्मचारीलाई जिल्ला प्रहरी कार्यालय, पर्साले पक्राउ गरेको छ ।

भेडाहा खोलाको ठेक्का शिवशान्ति कन्स्ट्रक्शनले लिएकोमा एउटै सिरियल नम्बर भएका दुईवटा रसिद काटिरहेको सूचनाको आधारमा प्रहरीले ठेकेदार कम्पनीका दुईजना कर्मचारीलाई पक्राउ गरेको छ ।

भेडाहा खोलामा एउटै सिरियल नम्बर भएका दुईवटा रसिद भेटिएपछि स्थानीयले जिप्रका, पर्सालाई जानकारी गराएका थिए । जिप्रकाले जिल्ला प्रहरी कार्यालय, पर्सालाई चेकजाँच गर्न भनेपछि प्रहरीको टोली खोलामा पुगेको थियो ।

चेकजाँच गर्दा अनियमितता भेटिएपछि प्रहरीले जीतपुरसिमरा उपमहानगरपालिका–२४ निवासी शेख तुफैल र वीरगंज–१० निवासी विकास गुप्तालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

## व्यावसायिक पत्रकारिताको अभाव – पटेल

प्रस, वीरगंज, १८ जेठ/

मधेस प्रदेशसभा सदस्य श्याम पटेलले




तस्वीरः सौजन्य

योग्यता नभएका व्यक्ति पत्रकारितामा लागेकाले पत्रकारिताको गरिमा घट्दै गएको बताएका छन् ।

आदर्श डेली अनलाइनको तेस्रो वार्षिकोत्सव कार्यक्रममा उनले व्यावसायिक पत्रकारिताको अभाव भएको बताए ।

सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले सत्यतथ्यमा आधारित समाचार लेख्न सञ्चारकर्मीलाई सुझाव दिएका छन् । उनले कसैको विरोधमा लेख्दा समाजले विश्वास गर्नेगरी लेख्न आग्रह गरे ।

जनता समाजवादी पार्टी नेपालका राजनीति समिति सदस्य सुरेन्द्र कुर्मीले भ्रष्टाचारविरुद्ध पत्रकारहरूले आवाज उठाउनुपर्ने जिकिर गरे । उनले पत्रकारितामा परिवर्तन भएमा राज्यका तीनवटै अङ्गमा पनि परिवर्तन आउने बताए ।

कृष्ण मिडिया नेटवर्क प्रालिका अध्यक्ष कृष्ण यादवको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका शिव पटेल, राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका संयोजक हरि पन्त, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य नीरज पिठाकोटे मगर, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन सूर्य शुभचिन्तकले गरेका थिए ।

## बहुपक्षीय संवाद कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, १८ जेठ/

युथ एडभोकेसी नेपालको आयोजना




तस्वीरः सौजन्य

र पिस फर दलित्स फाउन्डेशन नेपालको सहकार्यमा सखुवाप्रसौनी गाउँपालिका–५ को वडा कार्यालय, महुवनमा स्वेच्छिक राष्ट्रिय समीक्षा' सम्पन्न भएको छ ।

दलित तथा सीमान्तकृत युवाहरूको दृष्टिकोणबाट दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था र यसका चुनौतीको पहिचान गर्नका लागि स्वेच्छिक राष्ट्रिय समीक्षाको बहुपक्षीय संवाद कार्यक्रम आयोजना गरिएको हो ।

युथ एडभोकेसी नेपालले स्वेच्छिक राष्ट्रिय समीक्षाको बहुपक्षीय संवाद कार्यक्रम सातवटै प्रदेशका विभिन्न स्थानमा गरिरहेको जानकारी गराइएको थियो ।

सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले दिगो विकास लक्ष्य हासिल गर्न तीन तहको सरकारको महत्त्वपूर्ण भूमिका रहने बताए । उनले पहिलो जिम्मेवार निकाय भनेकै तीन तहको सरकारको हो र दिगो विकास लक्ष्य सामान्य देखिए तापनि यो गम्भीर

(बाँकी अन्तिम पातामा)

## युवालाई स्वदेशमैं सीप सिकाएर रोजगार दिलाउनुपर्ने

प्रस, वीरगंज, १८ जेठ/

होटल तथा पर्यटन समितिका



तस्वीरः सौजन्य

संयोजक अनुज रूँगटाले होटल व्यवसायमा आवश्यक जनशक्ति तालीमबाट परिपूर्ति भइरहेको बताएका छन् ।

होटल सङ्घ नेपाल काठमाडौं तथा होटल सङ्घ नेपाल मधेस प्रदेशले आयोजना गरेको हाउस किपिङसम्बन्धी तालीमको उद्घाटन कार्यक्रममा उनले युवाहरूलाई सीप सिकाएर स्वदेशमैं रोजगार दिलाउन यस्ता कार्यक्रमको आयोजना सराहनीय रहेको बताए । संयोजक रूँगटाले भारतीय पर्यटकको आवागमनलाई सहज बनाउनुपर्ने बताउँदै होटलमा कार्यरत कर्मचारीको व्यवहार र सेवामा पनि पर्यटकको आवागमन भर पर्ने बताए ।

समाजसेवी एवं होटल व्यवसायी पशुपति विक्रम शाहले होटल व्यवसाय धराशयी अवस्थामा पुगेको बताए । उनले अर्थतन्त्र सुस्ताएसँगै होटल व्यवसाय पनि सुस्ताएको बताए । उनले होटलमा कार्यरत जनशक्ति रोजगारका लागि विदेश जाने गरेको बताए ।

होटल सङ्घ नेपाल मधेस प्रदेशका उपाध्यक्ष मोहन प्रधानले होटलमा आवश्यक जनशक्तिको परिपूर्ति गर्नुका साथै युवालाई सीप सिकाएर रोजगार प्रदान गर्ने अभिप्रायले तालीमको आयोजना गरिएको बताए । होटल सङ्घ नेपालकी तालीम संयोजक सुजान लामाले कार्यक्रमबारे प्रकाश पार्दै तालीमबाट उत्कृष्ट तीनजनालाई पुरस्कृत गरिने बताइन् । २४ दिने यस तालीममा बृज सर्राफ र बद्री चौधरीले सहभागीहरूलाई प्रशिक्षण दिइरहेका छन् ।

होटल सञ्चालक सुरेन्द्रलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत हीरा प्लाजाका सञ्चालक विनोदकुमार चौधरी र सहजीकरण होटल सङ्घ नेपाल मधेस प्रदेशका उपाध्यक्ष मोहन प्रधानले गरेका थिए ।

## विचारसार र सूक्तिहरू

**जीवन बुद्धिमान्का लागि सपना हो, मूर्खका लागि खेल हो, धनीका लागि सुखद तथा गरीबका लागि दुःखद घटना हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## चुरे जोगाऔं

**हाम्रो मुलुक नेपालको पर्यावरण तथा वातावरण बिग्रँदो छ । मुलुकको कुल क्षेत्रफलमध्ये ४० दशमलव ३६ प्रतिशत क्षेत्रफल ओगटेको वनजङ्गल वार्षिक करीब दुई प्रतिशतको दरले मासिंदैछ । हावा प्रदूषित छ, विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा हाम्रो मुलुकको हावा १० गुणा बढी प्रदूषित छ । बितेका केही वर्षदेखि हाम्रो सङ्घीय राजधानी काठमाडौं संसारको सबैभन्दा प्रदूषित शहरको दर्जामा पुगेको छ । अवैज्ञानिक र अवैधानिक तरीकाबाट गिट्टी, बालुवा उत्खनन एवं निर्यात भइरहेको छ । विगतदेखि हालसम्मका सरकारको बजेट वक्तव्यमैं प्राकृतिक स्रोत गिट्टी, बालुवा, ढुङ्गा निर्यात खुलाउने कुराले प्राथमिकता पाउँदा चुरेवासी त्रसित छन् । सरकारको यो कदमले नयाँ बहस जन्माएको छ। दिगो तथा वैज्ञानिक विधिले उपयोग गर्न नजान्दा नेपाल काठ निर्यात गर्ने देशबाट आयात गर्ने देश बन्न पुग्यो । वातावरणीय असन्तुलन जस्तै पहाडमा पहिरो, तराईमा बाढी, नदी कटान र सिंचाइको अभावका कारण उब्जनी कम हुँदा नेपाल अन्न आयात गर्नुपर्ने अवस्थामा आएको छ । कुनै बेला हाम्रो मुलुकले धान, चामल, दाल निर्यात गरेको कुरा इतिहास भइसकेको छ । यसै हो भने एक दिन हामीलाई चाहिने गिट्टी, बालुवा पनि आयात गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न ।**

**हाम्रो गिट्टी, बालुवाको स्रोत चुरे पहाड हो, जुन अन्य पहाडको तुलनामा अत्यन्त कमजोर छ । कानूनी प्रतिबन्ध हुँदा पनि गिट्टी, बालुवा प्रशस्त चोरी निकासी भइरहेको अवस्थामा निकासी फुकुवा भयो, चुरेको हालत के हुने होला ? चुरे तराई सिञ्चित गर्ने पानीको स्रोतका साथै मलिलो माटो र तराई–मधेस क्षेत्रको संरक्षणको आधार हो । चुरे पहाड प्रशस्त लोपोन्मुख जीव, वनस्पतिहरूको वासस्थान पनि हो । वासस्थान मासिंदै जाँदा त्यहाँ पाइने खर मयूर, गिद्द, गोहरोलगायत लोपोन्मुख जीवहरूको अस्तित्व प्रायः नामेट हुने क्रममा छन् । वनजङ्गल र रूखबिरुवाको महत्त्व केवल घाँस, दाउरा, काठ र फलफूलका लागि मात्र होइन । पर्यावरण संरक्षण तथा वातावरण संतुलनमा पनि यसले महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ। विश्वमा पानीको भण्डार वा स्रोतका सबै पारिस्थितिकीय प्रणालीहरू निकै प्रदूषित बनिसकेका छन् । प्लास्टिकले गर्दा सामुद्रिक जीवजन्तुलाई असर पारिराखेको छ। समुद्रमा समेत प्लास्टिकाका टुक्राहरू कहालीलाग्दो परिमाणमा छन् । यता हाम्रा धारा पधेंरामा पानी छैन, जथाभावी रूख फँडानीले खोल्साखोल्सीका धेरैजसो मूल सुकिसके । प्रकृतिले दिने शुद्ध हावा र पानी हाम्रै कारण प्रदूषित भएका छन् ।**

**रूखबिरुवाको महत्त्व र तिनले दिने प्राणवायु अमूल्य छ। हामीले लिने शुद्ध हावामा लगभग २० प्रतिशत अक्सिजन हुन्छ । एक स्वस्थ मानिसले एक दिनमा ५५० लिटर शुद्ध अक्सिजन लिनुपर्छ । जसको मूल्य अहिलेको बजारमा करीब १८ हजार रुपैयाँ पर्न आउँछ । कोभिड–१९ सङ्क्रमणका बेला अक्सिजनको अभावमा जीवन गुमाउने परिवारले अक्सिजनको मूल्य अझै नजीकबाट अनुभूत गरेको हुनुपर्छ । चुरे तथा वनजङ्गल मासिंदा शुद्ध अक्सिजनबाट हामी वञ्चित हुनुपर्छ । यसको अलावा चुरे र तराईमा पाइने खयर, सिमल, चिउरी, महुवा जस्ता वनस्पति मासिंदा यसमा आश्रित रैथाने मौरी आदि कीट पनि लोपोन्मुख भएका छन् । यी सबै [redacted]ाउनुपर्छ ।**

# १७औं गणतन्त्र दिवस र अस्थिर नेपाली राजनीति

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

**आशा गरौं १८औं गणतन्त्र दिवस मनाउने बेला कम्तिमा राजनीतिक लुछाचुडीबाट नेताहरू मुक्त हुनेछन् । समाज छुवाछूतबाट मुक्त हुनेछ, कुनै पनि किसिमको विभेद हुनेछैन, सबैले देशमैं रोजगार पाउनेछन् र देश आत्मनिर्भर बन्नेछ ।**

१७औं गणतन्त्र दिवस मनाइराख्दा पनि सडकमा 'राजा आऊ, देश बचाऊ' को नारा लाग्न छोडेको छैन । नेताहरू राजा नै भएजस्ता आरोप उठ्दैछ। पहिले एउटा राजा थिए, अहिले अनेक राजालाई किन पाल्ने जस्ता प्रश्नहरू तेर्सिंदै छन् । यसको मतलब जनताले राजतन्त्र फर्काउन खोजेको भने होइन । वास्तवमा जनता नेताहरूको भ्रष्ट व्यवहारबाट आक्रोशित छ । यसबाट गणतन्त्रले १७औं वर्ष पार गर्दा पनि दलहरूले जनताको अपेक्षा पूरा नसकेको प्रस्ट हुन्छ ।

नेपाल कहिले पनि कुनै देशको उपनिवेश रहेन, तर आफ्नै शासकबाट यहाँका जाति, भाषा, धर्म र संस्कृति लामो समयदेखि उपेक्षित र शोषित हुँदै आएको छ। लामो समयदेखि शोषणको भुमरीमा पिल्सिएका शोषित–पीडित नेपालीहरू गणतन्त्रबाट घरघरमा रोजगार, आर्थिक समृद्धि, स्थिर राजनीति तथा चौतर्फी विकासको आस गरेका थिए । गणतन्त्रबाट जनताले भ्रष्टाचारमुक्त शासन, आत्मनिर्भर अर्थतन्त्र, वैज्ञानिक शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा तथा वातावरण संरक्षणलगायत पाउने आस गर्नु स्वाभाविक नै मान्नुपर्छ ।

विसं २०७२ को संविधान अन्तर्गत सङ्घीय संरचना अँगालेर शक्ति विकेन्द्रीकरण र शासनलाई जनताको नजीक ल्याउने उद्देश्य थियो । यो परिवर्तनले स्थानीय शासन, सार्वजनिक सेवामा सुधार र बृहत्तर क्षेत्रीय विकासको अपेक्षा बढाए पनि सङ्घीयता कार्यान्वयन, प्रशासनिक अवरोध, स्रोत–साधनको कमी, राजनीतिक विवाद, कमिशनमुखी प्रवृत्ति, पदप्रति आसक्ति, पैसाको लोभ तथा सम्पत्ति आर्जन गर्ने तृष्णा आदिले गर्दा गणतन्त्र एउटा चुनौतीको रूपमा देखिएको छ। एशियामा सबैभन्दा कम विकसित देशमध्ये नेपाल एक हो । यसको जनसङ्ख्याको एक महत्त्वपूर्ण भाग गरीबीको रेखामुनि बाँचिरहेको छ। देशको झन्डै ८० लाख युवा विदेशी रोजगारमा जानुको कारण दिगो आर्थिक वृद्धि प्रवर्द्धन गर्ने योजनाको अभाव, रोजगारका अवसर सिर्जना गर्ने र गरीबी घटाउने राष्ट्रिय नीतिको अभाव नै हो। यतिबेला राष्ट्रको अर्थतन्त्र धेरै हदसम्म विप्रेषण, पर्यटन र औंलामा गन्न सकिने केही कृषि तथा नाम मात्रको औद्योगिक निर्यातमूलक उत्पादनमा निर्भर छ ।

अर्थतन्त्रको विविधीकरण दीर्घकालीन विकासका लागि महत्त्वपूर्ण मानिन्छ । धेरै नागरिकले सरकारले व्यापार वृद्धि गर्न, विदेशी लगानी आकर्षित गर्न र साना तथा मझौला उद्यमहरू (एसएमई)लाई समर्थन गर्ने वातावरण बनाउनुपर्ने अपेक्षा राख्छन् । यसका साथै अप्रवासन र विप्रेषण, खासगरी खाडी मुलुक र मलेशियामा श्रम आप्रवासन देशको अर्थतन्त्रको महत्त्वपूर्ण पक्ष बनेको छ। तर वैदेशिक रोजगारमाथिको यो निर्भरताले स्वदेशी रोजगार सृजनालाई धूमिल पारेको छ। धेरै नेपालीले देशभित्रै राम्रो रोजगार पाउने आशा राख्छन् । यस सन्दर्भमा वीरगंजमा बन्द अवस्थामा रहेको कृषि औजार कारखाना पुनः सञ्चालन गर्ने सरकारको नीतिलाई धन्यवाद दिनुपर्छ। तर कारखानाले उत्पादन गर्ने कच्चा माल भारतबाट झिकाउनुपर्ने र त्यसमा लाग्ने भन्सार महसूल अत्यधिक भएकोले उत्पादित वस्तुले भारतीय वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने हुनाले कारखाना पुनः बन्द नहोला भन्न सकिंदैन ।

२१औं शताब्दीमा पनि सडक, बिजुली र इन्टरनेट जडानजस्ता आधारभूत पूर्वाधार निकै कमी रहेकोले पर्यटन व्यवसायलाई राम्रो बनाउन सकिएको छैन। पर्यटन व्यवसायी र पर्यटक दुवैको आकर्षक गन्तव्य नेपाल भए पनि सडक, बिजुली र इन्टरनेटले गर्दा यस क्षेत्रमा गरिएको लगानी नोक्सानीमा गइरहेको देखिन्छ। आर्थिक गतिविधि सहज बनाउन र जीवनस्तर उकास्न सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकता दिनुपर्ने हो तर यस्तो हुन सकेको छैन । मुलुकको प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाले सञ्चालित पर्यटनले आर्थिक विकासको महत्त्वपूर्ण सम्भावना बोकेको छ। राम्रो यातायात, आतिथ्य सेवा र प्रवर्द्धनात्मक गतिविधिसहित पर्यटन पूर्वाधारमा लगानीको उच्च अपेक्षा छ ।

नेपाल विभिन्न जाति र समुदायको विविधतायुक्त देश पनि हो। संविधानमा जेसुकै लेखिएको भएपनि व्यवहारमा अझैसम्म जातीय असमानता र सामाजिक बहिष्करण, विशेषगरी दलित, जनजाति (आदिवासी) र मधेसी (दक्षिणी तराई क्षेत्रका मानिस) जस्ता सीमान्तकृत समूहहरूका मुद्दा प्रमुख छन् । राज्यले अझै पनि सामाजिक न्याय र समावेशितालाई प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गरेको देखिंदैन । अझै पनि अल्पसङ्ख्यक खस जातिको भाषा संस्कृतिलाई सम्पूर्ण जातजातिमाथि लाद्न राज्य लागिपरेको देखिन्छ ।

त्यसैगरी, लैङ्गिक समानता अर्को महत्त्वपूर्ण क्षेत्र हो, जहाँ नागरिकको अपेक्षा उच्च छ । महिलाहरूले शिक्षा, रोजगार र राजनीतिक सहभागितामा निकै अवरोधको सामना गर्छन् । यसले गर्दा लैङ्गिक हिंसा र भेदभावपूर्ण अभ्यास अझै जारी छ। यसमा सरकारले महिला सशक्तीकरणका लागि कानूनी सुधार, नीतिहरूलगायत लैङ्गिक समानता प्रवर्द्धनमा फडको मारेकोजस्तो देखिए पनि अधिकांश बलात्कारका मुद्दा र बलात्कारपछिका हत्याहरूमा हत्याराहरू पत्ता नलाग्नु, बलात्कारीहरू अदालतबाट छुट्नुजस्ता घटनाले महिलाहरूको गणतन्त्रप्रति इच्छा–आकाङ्क्षा प्रतिकूल रहेको छ ।

शिक्षा राष्ट्रिय विकास र व्यक्तिगत उन्नतिको आधारशिला मानिन्छ । सामुदायिक विद्यालयहरूमा अझै पनि पठनपाठनको स्तरलाई लिएर विभिन्न सवाल उठ्ने गरेको छ। हुनत प्राथमिक तहमा पहिलेको अपेक्षा प्रगति भए पनि गुणस्तर, समानता र सान्दर्भिकताका हिसाबले माध्यमिक तथा विश्वविद्यालय स्तरमा चुनौतीहरू यथावत् छन्। शैक्षिक स्तरमा निरन्तर भइरहने स्तरहीनताले देशको अर्बौं रुपियाँ विदेशिने गरेको जगजाहेर छ। स्वास्थ्य र शिक्षा यस्ता क्षेत्र छन्, जहाँ सरोकारवाला लुटिंदैछन्। एकचोटी निजी अस्पतालमा भर्ना भएको बिरामी घरको न घाटको हुन पुग्छ । शिक्षा र स्वास्थ्य क्षेत्रमा नागरिकले गणतन्त्र महसूस गर्न पाएको छैन । गणतन्त्र त शैक्षिक र स्वास्थ्य जगत्का माफियाहरूको लुटको अखाडा भएको छ ।

कक्षैपिच्छे भर्ना शुल्क नलिने भने पनि कुनै पनि विद्यालयले यस नियमको पालना गरेको देखिंदैन। त्यसैगरी स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बीमा भए पनि बीमाको थोरै औषधिको लागि पनि तीन–चार दिन अस्पताल धाउनुपर्ने अवस्थाले बीमा नाममा मात्र सीमित हुन पुगेको छ।

राजनीतिक स्थायित्व र प्रभावकारी शासन तथा सबैको लागि न्याय यी तीनै क्षेत्र विकास र समृद्धिका लागि आवश्यक तत्त्व हुन् । तर नेपालमा गणतन्त्र आए पनि न्यायालयबाट निरन्तर विवादास्पद निर्णयहरू आउने, विभिन्न स्वार्थमा जेलिएर सरकार खस्ने र अर्को बन्ने, असैद्धान्तिक गुट निर्माण हुने, भ्रष्टाचार पराकाष्ठामा पुग्ने अवस्थाले गर्दा गणतन्त्रप्रति जन– दृष्टिकोण राम्रो बन्न सकेको छैन । यसले गणतन्त्रको छवि जनमुखी बन्न सक्दैन। राजनीतिकरूपमा आन्तरिक कलह, राजनीतिक पदको भागबण्डाजस्ता कुसंस्कृतिले गर्दा गणतन्त्रको स्वाद जनताले चाख्नै पाएको छैन। वास्तवमा गणतन्त्र विभिन्न क्षेत्रका माफियाहरूको लागि मात्रै वरदान साबित भएको छ । जनताको सुन्ने कोही छैन, तस्कर, दुई नम्बरी माफियाहरूले देश हाँकिरहेका छन्। दलालहरूको कब्जामा मुलुक फसेको छ र गणतन्त्र निरन्तर बदनामीको घुम्टोभित्र रोइरहेको छ ।

बाँडेर खाने सवालमा सबै पार्टी एकजुट हुन्छन्, सेवा र सुविधा लिने सवालमा सबै पार्टीहरू स्याल हुइँय्या गर्न थाल्छन् । देश र जनताको विकास र समृद्धिको सवालमा भने कहिले एकजुट हुँदैनन्। एक स्वरमा एमसिसी पास गर्न हुने तर रोजगार दिने कारखानाहरू खोल्न किन एकजुट हुन नसक्ने ? अब जनताले पनि संसदीय दलालहरूको चक्करमा फसेर भोट दिनु अगावै पाँच सय/हजार र मासुभात हेर्ने होइन, जनताको लागि के गऱ्यो त्यो पनि हेर्ने र सोधीखोजी गर्नुपर्छ ।

सङ्घीय संरचना अन्तर्गत प्रदेश र स्थानीय सरकारहरूले जनसरोकारका विषयहरूलाई गम्भीरतापूर्वक लिएर जनमुखी कार्यक्रमलाई प्राथमिकता साथ अगाडि बढाएको कतै देखिंदैन । केवल कमिशनमुखी बाटोघाटो, भवन निर्माणमा सीमित रहँदा जनता भित्र गणतन्त्रप्रति नै नकारात्मक भाव आउनु स्वाभाविक हो । यसर्थ स्थानीय निकायले समेत जनमुखी कार्यक्रमहरूमा लाग्न जरुरी छ। जनतालाई सेवा र सुविधा दिने कुरालाई प्राथमिकतामा राख्न जरुरी छ । जसरी पनि कमिशन खाउँ र चुनावी खर्च उठाउँ भन्ने नीति छोड्नुपर्छ ।

दलाल पूँजीवादी व्यवस्थाले गर्दा देशमा पर्यावरणीय समस्या उत्पन्न भइरहेको छ निरन्तर वनजङ्गलको विनाश र खोलानालाबाट अप्राकृतिक ढङ्गले निकालिएको ढुङ्गा, बालुवा, गिट्टीले गर्दा भइरहेको पर्यावरण क्षतिप्रति सरोकारवाला निकाय असंवेदनशील रहेको देखिन्छ । वन, नदी, जैविक विविधताहरूलाई समेत कमिशनको लागि प्रयोग गरेको देखिन्छ ।

यतिबेला तराईमा पानीको हाहाकार छ। यसको एउटै कारण हो पर्यावरणको क्षति, वनजङ्गलको विनाश । घरघरमा पाश्चात्य संस्कृति भित्रिंदै छ । जन्मदिन मनाउने, केक काट्ने, कारखानाजन्य पेयहरूको क्रमिक उपभोगले उपभोक्तावादी, बजारवादी समाज बन्दैछ। तसर्थ जन्मदिन, वैवाहिक वर्षगाँठ, मृत्युपश्चात्को कर्मकाण्डजस्ता अवसरमा रूखबिरुवा रोप्ने कुरालाई संस्कृति बनाउनु जरुरी छ। अबको हाम्रो संस्कृति मध्ययुगीन अन्धविश्वास, रूढिवाद र धार्मिक कर्मकाण्डमा आधारित पाखण्डले भरिएको होइन कि वैज्ञानिक र भौतिकवादी सोचमा आधारित प्रकृतिमैत्री बनाउन जरूरी छ ।

गणतन्त्र दिवस मनाउनु भनेको एक दिन छुट्टी दिनु होइन। गणतन्त्र जीवनको प्रत्येक मोडमा अनुभूत हुनुपर्छ । मानिसहरूको जीवन खुशहाल हुनुपर्छ। शोषण, दमन र विभेदमुक्त हुनुपर्छ। जे होस्, आशा गरौं १८औं गणतन्त्र दिवस मनाउने बेला कम्तीमा राजनीतिक लुँछाचुँडीबाट नेताहरू मुक्त हुनेछन् । समाज छुवाछूतबाट मुक्त हुनेछ, कुनै पनि किसिमको विभेद हुनेछैन, सबैले देशमैं रोजगार पाउनेछन् र देश आत्मनिर्भर बन्नेछ। २०८४ मा हुने निर्वाचनमा स्थिर सरकार बनोस् । सरकारले विदेशी दलाली गर्नुभन्दा जनताप्रति जिम्मेवारी निर्वाह गरोस् । यही नै १७औं गणतन्त्र दिवसको सबैमा शुभकामना !

# धूमपान र सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखको क्यान्सर बढ्दो

काठमाडौं, १८ जेठ/रासस

नेपालमा धूमपान र सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखको क्यान्सर बढ्दै गएको बताइएको छ । विश्व धूमपानरहित दिवस २०२४ का अवसरमा शुक्रवार कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पतालले आयोजना गरेको कार्यक्रममा पछिल्लो समय धूमपान र सुर्तीजन्य पदार्थको अत्यधिक प्रयोगले मुखको क्यान्सर बढ्दै गएको बताइएको हो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले सुर्तीजन्य पदार्थको प्रयोगसम्बन्धी ऐनलाई कार्यान्वयन गर्नका लागि सरकारले काम गरिरहेको बताए । उनले सरकारले बनाएको राष्ट्रिय मुख स्वास्थ्य रणनीतिमा सुर्तीजन्य पदार्थले गर्दा लाग्ने क्यान्सर र त्यसको उपचार पद्धतिबारे समावेश गरिएको उल्लेख गरे ।

नेपाल अर्बुद रोग निवारण संस्थाका सदस्य डा प्रदीप वैद्यले युवाजगत्मा सुर्तीजन्य पदार्थको प्रयोग बढ्दै गएको भन्दै यसलाई नियन्त्रणका लागि प्रयोगकर्ता आफैं सचेत हुनुपर्ने बताए ।

चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम)का अनुसन्धान प्रमुख डा प्रदीप ज्ञवालीले नेपालमा कति व्यक्तिलाई क्यान्सर लागेको छ भन्नेबारेमा क्यान्सर पञ्जीकरण गर्नु आवश्यक रहेको उल्लेख गरे । त्यसैगरी, स्वास्थ्य विभाग इपिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा रुद्र मरासिनी, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का वरिष्ठ शोधकर्ता डा विष्णुप्रसाद मरासिनीलगायतले नेपालमा दाँत तथा मुखसम्बन्धी क्यान्सरको छुट्टै अनुसन्धान आवश्यक रहेको उल्लेख गरे।

कान्तिपुर डेन्टल कलेज शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठले सुर्तीजन्य पदार्थको प्रयोगबाट मुखमा हुने क्यान्सरका बिरामीको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको बताए । उनले मुखमा हुने क्यान्सरलाई कम गर्न अस्पतालले देशका विभिन्न दुर्गम क्षेत्रमा स्वास्थ्य सचेतनाका साथै निश्शुल्क स्वास्थ्य जाँच गरिरहेको जानकारी दिए। कलेजका प्राचार्य प्राडा रवीन्द्रमान श्रेष्ठ, ओरल मेडिसिन विभागका प्रमुख प्राडा सिद्धार्थ गुप्ता, दन्त जनस्वास्थ्य विभाग प्रमुख डा सुजिता श्रेष्ठलगायतले नेपालमा सुर्तीजन्य पदार्थको सेवनबाट वार्षिक धेरै मानिसको ज्यान जाने गरेकाले यसलाई रोक्न सरकारले विशेष योजना अगाडि सार्नुपर्ने बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# नुनथर र जङ्गली बाबाको सन्दर्भ

भनिन्छ, नदी निरन्तर बगिरहेझैं साधुको पनि महत्ता निरन्तर बढिरहन्छ। साधु त्यो हो, जसमा साधना हुन्छ। साधनाले उसको क्षेत्रको पहिचान गराउँछ। साधनाको क्षेत्रले भौगोलिक क्षेत्रलाई आलोकित पारेको हुन्छ। हरेक समयका साधुले वर्तमानको पथप्रदर्शन गरेका हुन्छन्। साधुताको प्रभुत्व यसै कारण टाढासम्म फैलिएको हुन्छ। अहिले सन्दर्भ नुनथर पहाड र जङ्गली बाबाको रहेको छ।

नुनथर पहाड मूलतः रौतहटमा पर्दछ। रौतहटको उत्तर पूर्वी कुनामा रहेको बागमती किनारमा अवस्थित नुनथरलाई मधेस प्रदेशकै एक प्रसिद्ध पर्यटनस्थलको रूपमा मानिएको छ। यहाँ हरेक वर्ष लाखौं मानिस पर्यटनको दृष्टिले



तस्वीरः सौजन्य

पुग्दछन्। हरेक दिन यहाँ मानिस पुग्ने गरेको भए पनि शनिवार अलिक बढी हुन्छन्। कुनै पनि नयाँ वर्ष तथा चाडपर्वको दिन तथा विशेष दिनहरूमा नुनथरमा निकै भीड हुन्छ। कहिलेकाहीं थामि नसक्नुको भीड हुन्छ। प्राकृतिक सौन्दर्य यहाँको मुख्य आकर्षण हो।

चन्द्रपुर नगरपालिकामा पर्ने



नुनथरको नामकरण कसरी भयो होला ? यस विषयमा अनेक विचार पाइन्छ तर यहाँ अझै पनि एउटा इनार छ। उक्त इनारको पानी नुनीलो छ। पहिले यहाँ गाईवस्तु चर्न आउँदा यहाँको पहाडको फेंदीमा रहेको चट्टानलाई चाट्ने गर्दथे। पछि थाहा भयो, चट्टान नुनीलो भएकोले गाईवसतुले चाटेको हो। अनि यहाँबाट निस्कने पानीको स्वाद पनि नुनीलो छ। नुनीलोलाई स्थानीय बज्जिका भाषामा नुनगर भनिन्छ। यही नुनगरबाट अपभ्रंश भई नुनथर भएको हुनुपर्छ। यसैगरी नुनको थलो अर्थात् नुनथल हो। नुनथलबाट अपभ्रंश भई नुनथर भएको हुनुपर्छ।

रौतहट र सर्लाहीका मानिसका लागि सबैभन्दा प्रिय पर्यटनस्थल नुनथरको नाम जसरी परे पनि यसको इतिहास भने निकै पुरानो छ। महाभारतकालीन समयभन्दा पहिलेदेखि नै यहीं बाटो बागमतीको किनारैकिनार पशुपतिनाथसम्मको यात्रा हुन्थ्यो रे। अर्थात्, यहीं एउटा मार्ग थियो। पहाड झरेर आउँदा अन्तिम विश्राम गर्ने तथा तराईबाट पहाड चढ्न पनि अन्तिम तल्लो विश्रामस्थलको रूपमा यो ठाउँ रहेको

**स्वान्त सुखायः**



**सञ्जय मित्र**

mitrasanjay41@gmail.com

थियो। र, यो पनि मान्यता रहेको छ कि महाभारत युद्धपछि भगवान् श्रीकृष्ण पाण्डवलाई लिएर यही बाटो भगवान् पशुपतिनाथको दर्शन गर्न नेपाल उपत्यका गएका थिए।

यस्ता अनेकौं किंबदन्तीहरू छन्। भगवान् शिव र पार्वती यस क्षेत्रमा वन विहार गर्ने गरेका थिए रे। मृग र मृगिनी बनेर भगवान् शिव र पार्वतीको विहार हुने गरेको किंवदन्ती निकै प्रचलित छ तर एउटा अर्को कथा पनि यस स्थलसित जोडिएको छ, जङ्गली बाबाको। जङ्गली बाबाबारे धेरैलाई जानकारी रहेको पाइँदैन तर भारतका मुजफ्फरपुरसम्म यहाँको जङ्गली बाबाबारेमा सुन्न पाइन्छ। जङ्गली बाबा सिद्ध पुरुष थिए भन्ने कुरा बुझिन आउँछ। अब त उनीबारे पुस्तकमा चर्चा गरिएको पनि पाइएको छ।

'बज्जिकाञ्चलके सिद्ध सन्त' नामक पुस्तकका सम्पादक हुन् डा. यशवंतकुमार। यिनी मुजफ्फरपुर विहारका निवासी हुन्। यस पुस्तकलाई प्रकाशन गर्ने संस्था हो – विहार सांस्कृतिक फाउन्डेशन मुजफ्फरपुर। यस पुस्तकमा एउटा अनुसन्धानमूलक लेख 'डा. पुष्पा गुप्ता'को रहेको छ। डा. गुप्ताको ठेगाना लेखको अन्त्यमा यसरी दिइएको छ – 'हिन्दी विभाग, एमडीडीएम कलेज, मुजफ्फरपुर'। डा. गुप्ताको अनुसन्धानमूलक लेखको शीर्षक रहेको छ – 'सिद्ध बाबा और जंगली बाबा'। यसै आलेखमा नुनथरको सन्दर्भ रहेको छ। यसैले पनि यो महत्त्वपूर्ण हुन जान्छ कि मुजफ्फरपुरकी लेखिका, मुजफ्फपुरकै सम्पादक र मुजफ्फरपुरबाटै सम्पादित तथा प्रकाशित यस पुस्तकमा रौतहटको नुनथरका 'जंगली बाबा'बारे चर्चा गरिएको छ।

'नुनथर'लाई 'नुनखडवा' पहाड भनिएको छ। यसलाई 'इन्द्रखण्ड' वा 'इन्द्रपर्वत' पनि भनिएको रहेछ।

'जात नपुछो साधु की' भनेझैं जङ्गली बाबाको नाम वा जात तथा यिनका मातापिताको नाम तथा जन्मस्थलबारे केही जानकारी छैन। हुनत साधुको लागि उनको सिद्धता नै सर्वस्व हुन्छ। कहाँबाट यस जङ्गलमा आए ? यो पनि स्पष्ट नहुँदा उनी प्रसिद्ध हुन गए 'जङ्गली बाबा'को नामबाट। जङ्गलमा बसेर तपस्या गर्ने भएकाले वा जङ्गलमा बस्ने भएकाले जङ्गली बाबा कहलिएको अनुमान लगाउन सकिन्छ।

जङ्गली बाबाको विषयमा अलिकति प्रकाश पार्दै आलेखमा यिनलाई रामलीलाको अभिनय गर्नु प्रिय लाग्दथ्यो। सीतारामको भक्ति गर्ने जङ्गली बाबा सीतामढीस्थित जानकी मन्दिर रामलीलामा अभिनय गर्न पुग्दथे। सीताराम आराधना नै जीवनको लक्ष्य रहेको जङ्गली बाबामा कलात्मक सिर्जना पर्याप्त रहेको थियो। जानकी मन्दिरमा विभिन्न किसिमका झाँकी, रंगोत्सव (सम्भवतः होली) आदि राम र सीतालाई केन्द्रमा राखेर गर्दथे, गराउँदथे। यिनको प्रसिद्धिको कारण यिनको सहजता तथा चरित्र थियो। बाह्रौं महीना यिनको शरीरमा वस्त्रको नाममा केवल एउटा लंगौटी रहन्थ्यो। मौसमको कुनै प्रभाव वा आतङ्क यिनको शरीरमा पर्दैनथ्यो।

नुनथर आसपासको लोकजीवनमा जङ्गली बाबाको विषयमा अझ धेरै कुरा श्रुति परम्परामा हुनुपर्छ। यो रमणीय ठाउँको गरिमा बढाउने सिद्ध पुरुष जङ्गली बाबाबारे नुनथरले अझ खोजतलाश गर्नु जरूरी देखिन्छ। जङ्गली बाबाको समय कुन हो ? यो पनि कमसे कम सोधखोज गरी सार्वजनिक हुन सके अझ धेरै कुरामाथि प्रकाश पार्न सकिन्थ्यो। समाजमा खोजबीन गरेर जङ्गली बाबाको यथार्थ बाहिर ल्याउनु अत्यावश्यक छ।

जङ्गली बाबाबारे भारतको मुजफ्फरपुरसम्म चर्चा हुनु ठूलो कुरो हो। यसलाई अझ संरक्षण र विस्तार गर्नुपर्छ। हुनत भक्तिभावना र साधनाको विषयमा वर्तमानले धेरै चर्चा गर्न चाहेको छैन तर पनि यो एउटा सुखद पक्ष हो। आफ्नो ठाउँको बारेमा सम्भव भएसम्म सबै पक्षको धेरैभन्दा धेरै जानकारी सङ्कलन गर्नुपर्छ। धेरैभन्दा धेरै कुरो थाहा पाइराख्नु उचित हुन्छ। हाम्रो संस्कृति र इतिहासमा रहेका महत्त्वपूर्ण व्यक्ति तथा स्थानका साथै अमूर्त कुराहरूबारे जानकारी लिइरहनु उचित हुन्छ। धेरै कुरा प्रकाशमा नआएको सन्दर्भमा यस्तै कतैकतै अलिकति भेटिएका सामग्रीलाई पनि सङ्कलन गर्नुपर्छ। जङ्गली बाबाको विषयमा गाउँ समाजमा अझै पनि सामग्री पाइन्छ भने खोजी गर्नुपर्छ। सम्भव छ भने यस विषयमा उक्त क्षेत्रमा सार्वजनिक छलफल नै गराउनु आवश्यक छ। जसले यस प्रकारको कुरा सबैतिर पुग्न सकोस्।

# आश्रय शिविरका वेश्याहरू

**(असमिया कथा)**



**- अरूपा पटङ्गिया कलिता**

जापानले चीनमाथि आक्रमण गऱ्यो। युद्धले मानिसहरूको मानिसझैं बाँच्ने स्वतन्त्रता खोसेर लग्यो। अर्काको देश आक्रमण गर्न आएका सैन्यहरूलाई युद्धले अस्वाभाविक तुल्याएको थियो। बथानका बथान बिरामी कुखुरा मरेझैं मानिस मरेका थिए। आफ्नो घर-संसार, परिवार र खेतबारी लिएरै व्यस्त रही जीवन निर्वाह गरिरहेका आइमाईहरूले कहिल्यै नदेखेका कुराहरू देखे। सबै उलटपुलट भएको थियो। आइमाईहरू डराइडराइ एकअर्कासँग कानेखुसी गरेर भन्थे- यी विदेशी सैन्यहरूको मन भन्ने वस्तु नै छैन। सारै डराएका थिए मानिसहरू। सीधासादा, सरल जीवनमा अभ्यस्त चीन देशका आइमाईहरूले नयाँ कुराहरू केही बुझ्न सकेका थिएनन्।

कुभिन्डोझैं तलदेखि माथिसम्मै समान जीउकी थसुल्ली, छजना छोराछोरीकी आमा, १४ जना नातिनातिना, तीनजना पनातिपनातिना भएकी उलिएनकी आमालाई कसैले नराम्रो आँखाले हेर्न सक्छ भनेर कसले पो सोचेको थियो र ? उनको आधी उमेरदेखि शरीरमा केही भयो, सारै मोटी हुन थालिन्। मोटी हुँदाहुँदै हात्तीको बच्चोजस्तो भइन्। जति उमेर बढ्दै गयो उति मोटी हुँदै गइन्। थपथप गर्दै हिंडेर घुमफिर गर्छिन्, वल्लोघर पल्लोघर जान्छिन्, सकेजति काम पनि गर्छिन्। सबैले उनलाई थसुल्ली दिदी भनेर नै जान्दछन्। अस्वाभाविकरूपले मोटी ती आइमाईका कपाल, आँखीभौं, परेला सबै सेतै फूलेका थिए। ओठमा सधैं एउटा मुस्कान टाँसिइरहने थसुल्ली दिदी उलिएनकी आमालाई सबैले माया गर्थे। शरीरजस्तै उनको मन पनि फराकिलो थियो, सबैलाई मायाले अँगालेर राख्ने। मर्नलाई अब केही दिन मात्र बाँकी रहेकी उनी आफ्नो सानो संसारमा ठूलो शरीर लिएर सुखशान्तिले हिंड्डुल गरिरहेकी थिइन्।

त्यस दिन लिङ्टेन र लिङ्चाउका घरमा थसुल्ली दिदीसँगै केही आइमाई बसेर बात मारिरहेका थिए। बात मार्नु पनि के थियो र तिनै एकैखाले कुरा, युद्धका कुरा, डरका कुरा, सैन्यका कुरा। अकस्मात् केही विदेशी सैन्य घरको गौंडोसम्म आइपुगे। लिङ्टेनले तत्कालै आइमाईहरूलाई पछाडिको ढोकाबाट निकालेर भगाए। लिङ्चाउहरूको कोठेबारीको पुछारमा इनारको छेउमा एउटा सानो बाहिरी ढोका थियो, आइमाईहरू त्यतैबाट भाग्न भनेर दगुरे। तर थसुल्ली दिदीलाई लिएर समस्या भयो, त्यो सानो ढोकाबाट ऊ कसै गर्दा छिरिनन्। लिङ्टेनले हतारहतार रूखका हाँगाबिँगा, पातपतिङ्गर भेला पारेर थसुल्ली दिदीलाई छोपिदिए। उनी निश्चल भएर त्यही बसिरहिन्। लिङ्टेन आफू पनि एकातिर लुके। लुकेकै ठाउँबाट उनले अकस्मात् सुङ्गुरलाई रेटीरेटी काट्दा जस्तो शब्द हुन्छ त्यस्तै एउटा शब्द सुन्न पाए। त्यसपछि गलाको घ्याँरघ्याँर अनि एउटा गहिरो चित्कार। एकछिन पछि सबै सामसुम, चकमन्न भयो। लिङ्टेनलाई थसुल्ली दिदीलाई पक्कै केही भयो भन्ने बुझ्न बाँकी रहेन। सैन्यहरू गइसकेपछि लिङ्टेन, लिङ्चाउ र आइमाईहरू फर्केर आए। सबैले इनारको छेउको सानो ढोकानेर जुन दृश्य देखे, त्यसले सबैका शरीरको रगतलाई हिउँ बनाइदियो, आँखा चिम्ल्याइदियो। निर्वस्त्र भएर उलिएनकी आमाको थसुल्ली वृद्ध शरीर पातपतिङ्गरमाथि लडिरहेको थियो। उनको प्राणहीन शरीरको सर्वत्र चोटैचोट थियो, रगत जमेको थियो। धेरै सैन्यको निष्ठुर यौन अत्याचारले उनको शरीर थङ्थलो भएको थियो।

यस घटनापछि लिङ्चाउ आफ्नो घरमा बस्न डराइन्। एउटी श्वेताङ्गी महिलाले एउटा आश्रय शिविर खोलेकी थिइन्। त्यस शिविरमा उनीहरू महिलालाई आश्रय दिन्थे। गोरा मानिसले सञ्चालन गरेको हुनाले त्यस शिविरमा जापानी सैन्यहरू पस्न साहस गर्दैनथे। लिङ्चाउ गएर त्यही शिविरमा आश्रय लिइन्। एक दिन लिङ्चाउले शिविरमा चुचाउ शहरबाट सातवटी राम्रीराम्री कम्ती उमेरका केटी आएको देखिन्। उनीहरूको पहिरन, कुराकानी, हाउभाउ देखेर लिङ्चाउले यिनीहरू घरायसी केटी होइनन् भन्ने बुझिन्। उनीहरूमाथि लिङ्चाउलाई रिस उठेर आयो। किन आएका यिनीहरू आश्रय शिविरमा ? बाहिरै बसेका भएपनि त हुन्थ्यो, सैन्यहरू ग्राहक बनेर लाइनमा लाग्ने थिए। प्रशस्त रुपियाँ–पैसा कमाउन सक्ने थिए। बरु सैन्यहरूले घरायसी आइमाईहरूलाई छाडिदिने थिए। लिङ्चाउले खुलस्तै ती राम्राराम्रा केटीहरूप्रति आफ्नो घृणा देखाइन्। यस्ता नकचरीले किन आश्रय शिविरमा आउनुपरेको ? केटीहरूले पनि अरू आइमाईहरूको मनोभाव बुझे। शिविरको एउटा कुनामा उनीहरू एकान्तमा बस्न थाले। उनीहरू आफैं अघि सरेर कसैसँग बोल्न गएनन्, अरू पनि उनीहरूसँग बोल्न आएनन्। एक दिन लिङचाउले ती केटीहरूलाई सोधिन्, "तिमीहरू चैं यहाँ किन आएका ? लोग्नेमानिसदेखि तिमीहरूलाई केको डर ?" उत्तरमा एउटी चिटिक्क राम्री केटीले भनी, "हामीले जब गोरा मानिसले एउटा शिविर खोलेका छन्, त्यहाँ चैं विदेशी सेना पस्न पाउँदैनन रे भन्ने सुन्यौं, तब तत्कालै हाम्फालेर यहाँसम्म आइपुग्यौं।" अर्कीले भनी, "हजुरले ठीकै भन्नुभो आमै, हामी लोग्नेमान्छे चिन्छौं। तर यी सैन्यहरू, विदेशबाट आएका युद्ध गर्ने यी लोग्नेमान्छेहरू यिनीहरूलाई हामी चिन्दैनौं। यी मान्छेहरू हामीले चिनेका पुरुषहरू होइनन्।" अर्की एउटीले भनी– "हामी पनि हाम्रो देश आक्रमण गर्ने विदेशी शत्रुलाई घृणा गर्छौं।"

त्यसै दिन राति आश्रय शिविरमा एउटा ठूलो आपद् आइलाग्यो। मध्यराति सबै आइमाई ब्यूँझिएर उठे। बाहिरको गेटमा ढ्यामढ्याम आवाज आइरहेको थियो, सँगसँगै बन्दुक पड्किएको पनि। शिविरकी श्वेताङ्गी महिला हातमा लालटिन बोकेर गेटसम्म जाने भइन्। सबै आइमाई एकै ठाउँमा थुप्रिएर डरले थरथर काम्न थाले। आश्रय शिविरको गेटमा सयजना जति सशस्त्र सैन्य खडा थिए। नारी शरीरको गन्ध पाएर तिनीहरू यहाँ आएका थिए। शिविर सञ्चालन गर्ने ती श्वेताङ्गी महिला बाहिरका सैन्यहरूलाई भेटेर आएर शिविरका आइमाईहरूका अगाडि मुन्टो निहुराएर उभिइरहिन्। सैन्यहरूले भनेका रहेछन्, उनीहरूलाई पाँच/छ वटी आइमाई दिनुपर्ने, नत्र उनीहरू भित्र पस्नेछन्। गोरी महिलाको कुरा सुनेर शिविरका आइमाईहरू थरथरी भए। बाहिर गेटमा ढ्यामढ्याम कुटेको आवाज बढ्दै गयो। शत्रु सैन्यहरू पसिहाल्ने पो हुन् कि भन्ने त्रास भयो। सबैले देखे, श्वेताङ्गी महिलाका हातको लालटिन हल्लिइरहेको थियो, उनी थरथरी कामिरहेकी थिइन्। कामेको बोलीले भन्न थालिन्, "म कसलाई, कसरी भनूँ ? तिमीहरू शिविरबाट जाओ भनेर, त्यो पनि यस्तो कामको लागि। तैपनि भन्छु, त्यस्तो कोही छ भने, यदि कसैलाई उनले त्यो काम गर्न सक्छिन् भन्ने लाग्छ भने, यी घरायसी आइमाईहरूलाई रक्षा गर्न सक्छिन् भन्ने लाग्छ भने, यदि कोही ...।" उनको बोली घुँक्क घुँक्क हुन थाल्यो।

बाहिरको गेटमा ढ्यामढ्याम कुटेको आवाज क्रमशः बढिरहेको थियो। अकस्मात् चुचाउबाट आएका सुन्दरी केटीहरू उठे। एउटीले अरूलाई सबैले सुन्ने गरी भनी, "तिमीहरू तयार होऊ, कपाल सम्याओ, मुहारमा मुस्कान ल्याओ, अब हामीले हाम्रो काम शुरू गर्नुपर्छ।" त्यसपछि तिनीहरू शिविरबाट निस्किन भनी तयार भए। गोरी महिलाले छातीमा क्रसचिह्न बनाइन्, शिर झुकाएर ती केटीहरूतर्फ हेरिन् र भनिन्, "प्रभुले तिमीहरूलाई यस महान् काम गरेबापत आशीर्वाद दिनेछन्।" एउटीले ओठ लेब्र्याएर भनी, "तिमीहरूका प्रभुले हामीलाई चिन्दैनन्।" त्यसपछि उनीहरू सबै शिविरबाट निस्केर गए। गेटको ढ्यामढ्याम बन्द भयो, बन्दुकको आवाज पनि हरायो। शिविरका आइमाईहरू सुत्ने तर्खरमा लागे। केही निदाइ पनि सके।

लिङ्चाउ घुँडामा टाउको राखेर बसिरहिन्। उनको छेउको ठाउँ खाली थियो। यहीनिर यतिञ्जेल ती राम्रा केटीहरू थिए। त्यस ठाउँतिर हेरेर लिङ्चाउका आँखा रसाए। जति पुछ्छिन् उति आँसु बग्न थाले। उनको छातीभित्र दुख्न थाल्यो, ती केटीहरूलाई ऊ घृणा गर्थिन्, खुलस्तै त्यो घृणा प्रकट पनि गरेकी थिइन्। उनका कानमा मायालाग्दो मुहारकी त्यो कलिली केटीले बोलेको आवाज गुञ्जिरह्यो, "हामी लोग्नेमान्छेलाई चिन्छौं, तर यी युद्ध गर्ने विदेशी लोग्नेमान्छे– यिनीहरूलाई हामी चिन्दैनौं।" जतिजति यी कुराहरू मनमा आइरहे उतिउति लिङ्चाउका आँखाबाट बरबरी आँसु झरिरहे। एकपटक पुछ्छिन, फेरि झर्छ, पुछ्छिन, झर्छ, झर्छ, पुछ्छिन्, पुछ्छिन्, झर्छ।

(अनुवादः गदाधर शर्मा, गुवाहाटी, असम, भारत।) साभारः समकालीन साहित्य

**मदर टेरेसाका स्मरणीय भनाइहरू**

१. यो जीवन अरूको लागि होइन भने यो जीवन नै होइन।
२. शान्ति मुस्कानबाट सुरुआत हुन्छ।
३. हिजो गइसक्यो, भोलि आएकै छैन, हामीसँग आज छ। आउन यसैलाई मनाऔं।
४. यदि तिमीले सयजनालाई खुवाउन सक्दैनौ त एकजनालाई खुवाऊ।
५. सबैभन्दा ठूलो रोग कसैका लागि केही बन्न नसक्नु हो।
६. विश्वशान्तिका लागि तिमीले के गर्न सक्छौ ? घर गएर आफ्नो परिवारलाई माया गर।
७. हामीसँग शान्ति छैन किनभने हामीले यो बिर्सियौं कि हामी एकअर्काका लागि हौं।
८. रोटीको भन्दा प्रेमको भोक मेटाउन धेरै कठिन हुन्छ।
९. यदि तिमीले व्यक्तिलाई मूल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न बिर्सन्छौ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

यसैले हामीले भगवान्‌लाई व्यक्तित्वको रूपमा हैन गुणवत्ताको रूपमा लिनुपर्छ । यो बीजरूपमा हामीभित्र विद्यमान छ, त्यसलाई हामीले विकसित गर्नुपर्छ । थोरै ध्यानको मलजल दियो भने यसको बिरुवा अङ्कुरित हुन थाल्छ । त्यो आनन्दको सानो रूप हामीभित्रै छ । त्यो सौन्दर्यको भावना हामीभित्र छ । तिनलाई विकसित गर्न सकिन्छ । जुन शान्तिको केही क्षण हामीले जानेका छौं, त्यही केही क्षणलाई हामी घण्टा बनाउन सक्छौं । फेरि हामी त्यसैलाई दिन, सप्ताह, महीना र पूरै वर्ष बनाउन सक्छौं । बिस्तारैबिस्तारै यसलाई पूरै उमेर बनाउन सक्छौं । ओशो भन्छन्– हामी भगवान् होइनौं, भगवत्व प्राप्त गरौं । हामी व्यक्तित्व होइनौं गुणवत्ता प्राप्त गरौं । यो गुणवत्ता सबैभित्र छ, हामीले केवल यसको विकास गर्नुछ ।

परमात्मालाई परिभाषित गर्न सकिंदैन, त्यसै कारण परमात्माको नामकरण पनि गर्न सकिंदैन । किनकि परमात्मा सबै ठाउँमा व्याप्त छ, परमात्माबाहेक कहीं केही छैन । यसैले उसको आकृति बनाउन सकिंदैन । ऊ कहाँ छ भनेर बताउन पनि सकिंदैन । परमात्मा सर्वव्यापी छ, उसको नाम तथा स्थिति पनि छैन ।

यदि हामीलाई प्रेम कहाँ छ भनेर कसैले सोध्यो भने हामी कहाँ छ भनेर बताउँछौं ? किनकि प्रेम एउटा भावना हो, प्रेम कुनै व्यक्ति होइन । प्रेम त एउटा गुण हो । कसैले सोध्यो– जीवन के हो ? जीवन कहाँ छ ? जीवनको परिभाषा के हो ? भने हाम्रोअगाडि मुश्किल उपस्थित हुन्छ । किनकि जीवन सबैमा छ । पशुपक्षी, रूख, कीरा–फटयाङ्ग्रा, मानिस सबैमा जीवन छ । यसलाई हामी नामरूपमा भन्दा क्रियारूपमा हेर्न सक्छौं । यो भइसकेको छैन, भइरहेको छ । जस्तो हामी भन्छौं, नदी छ । नदी शब्द सुन्दा लाग्न सक्छ, यो कुनै नाम हो । तर नदी त गङ्गा हो, जमुना हो । हामीले यिनको नामकरण त गरिदियौं तर वास्तवमा नदी भनेको जलप्रवाह हो । यो एउटा क्रिया हो, जुन अनवरत घटिरहेको छ । यदि यो बग्न छोड्यो भने यसलाई कसैले पनि नदी भन्दैन । यो सडेगलेको पोखरी बन्नेछ ।

हाम्रो व्याकरणमा थोरै भुलचूक छ । यसमा धेरै क्रियालाई संज्ञाको रूपमा उपयोग गरिन्छ । गौतम बुद्धले सबै संज्ञा हटाइदिए । यसैले जुनजुन देशमा बौद्ध धर्मबाट प्रभावित भाषाको विकास भएको छ, त्यस भाषामा संज्ञा नै छैन । हामी रूख छ भन्न सक्दैनौं, किनकि त्यहाँ छ भन्ने शब्द नै छैन । त्यहाँ हामीले भन्नुपर्नेछ– रूख भइरहेको छ । हुन पनि हो । एक घण्टा पहिले पात निस्कँदै थियो । अब त्यो अलि ठूलो भइसक्यो । दुई घण्टा अगाडिको हरियो बूढो पात अहिले पहेंलो भइसक्यो । एक घण्टा पहिले जुन पात पहेंलो थियो, अहिले झरिसक्यो । जुन कोपिला थियो, त्यो फूल भइसक्यो । जुन फूल थियो, त्यो ओइलाएर झर्न लागेको छ । यसैले रूख भइरहेको छ, भन्नु ठीकैजस्तो लाग्छ । रूखजस्तै मानिस पनि भइरहेको छ । जून तथा तारा पनि भइरहेका छन् । छ भन्नेजस्तो त केही छैन ।

हामीलाई सबैभन्दा पहिले भगवत्ता आफैंभित्र महसूस हुन्छ । जस्तो हामीले हामीभित्र जीवनको अनुभव गर्न सक्यौं भने सबैभित्र जीवन छ भनेर जान्न गाह्रो हुँदैन । कोही पनि विशेष छैन, सबैभित्र उहीं चीज छ । जब सद्‌गुरुले आफूलाई “अहम् ब्रह्मास्मी” भन्छन्, हामीले याद राख्नुपर्छ कि उनी म विशिष्ट हुँ भनेर आफ्नो विशेषता घोषणा गरिरहेका छैनन्, अपितु हामीलाई पनि उनले ‘तत्त्वमसी’ भनिरहेका छन् । यसको मतलब सबैतिर परमात्मा व्याप्त छ ।

